प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

मन्त्री

# ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७६

**प्रस्तावना:** प्रदेश सरकार, प्रदेश नं. ३ को आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा समावेश बुँदा नं. १५५ र १६१ लाई मुर्त रुप दिन प्राङ्गारिक कृषि उत्पादन कार्यलाई अभियानको रुपमा लैजानको लागि आ.व.२०७६/७७ मा आवश्यक बजेट समेत विनियोजन भएको छ ।यसर्थ यस प्रदेशमा प्राङ्गारिक कृषि उत्पादन र बजारीकरणको पूर्ण मूल्य श्रृङ्खलाको विकासमा सहयोग गर्न तथा उत्पादक र उपभोक्ता वीच दीगो सम्बन्ध बनाई दीर्घकालीन प्राङ्गारिक कृषि उत्पादन, बजारीकरण र उपभोगका लागि नुवाकोट जिल्लामा कार्यक्रम सहज रुपमा सञ्चालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ द्वारा यो **"ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७६"** लागू गरीएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा : (१) यस कार्यविधिको नाम "ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"प्राङ्गारिक कृषि"** भन्नाले दीगो पर्यावरण र पारिस्थितिकीय प्रणाली, सुरक्षित, गुणस्तरीय तथा पोषणयुक्त खाना, प्राणी जातिको कल्याण र सामाजिक न्यायका लागि कृषि प्रणालीमा प्रयोग हुने निश्चित प्रक्रियाहरुको एकिकृत उपागमलाई सम्झनु पर्छ ।

(ख) **"प्राङ्गारिक खेती"** भन्नाले प्राङ्गारिक कृषि प्रणाली अपनाई गरिएको कृषि वस्तुलाई जनाउदछ भने "प्राङ्गारिक तरकारी खेती" ले तरकारी, मसला तथा आलु खेतीलाई, "प्राङ्गारिक फलफूल खेती" ले फलफूल, चिया तथा कफि र "प्राङ्गारिक खाद्यान्न खेती" ले खाद्यान्न, तेलहन तथा दलहन खेतीलाई जनाउँछ। मौरीको हकमा स्थानीय जातको मौरी पालन र प्रशोधनलाई जनाउँछ तथा च्याउको हकमा प्राङ्गारिक तरिकाबाट उत्पादन भएको च्याउलाई सम्झनु पर्छ ।

(ग) **"प्राङ्गारिक कृषि उत्पादन"** भन्नाले नेपाल सरकार, कृषि विकास मन्त्रालयद्धारा जारी गरिएको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्वन्धी निर्देशिका, २०६४ बमोजिम उत्पादित कृषि उत्पादन सम्झनुपर्छ । सो शब्दले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागीतामा स्थानीय परिवेश अनुसार तयार



Anup Adhikari

मन्त्री

गरिएको मापदण्ड बमोजिम उत्पादित तरकारी, खाद्यान्न तथा फलफूल उत्पादन समेतलाई सम्झनु पर्छ ।

(घ) **"प्राङ्गारिक उत्पादन"** अर्थात "Organic Certified Product" भन्नाले "सम्बन्धन प्राप्त प्रमाणीकारण निकाय" ले प्रमाणीत गरी प्राङ्गारिक उत्पादनको लोगो लगाएको उत्पादन सम्झनु पर्छ ।

(ङ) **"प्राङ्गारिक रूपान्तरण उत्पादन"** अर्थात 'Organic in-conversion product" भन्नाले "सहभागीतामूलक गुणस्तर निर्धारण प्रणाली" र "आन्तरिक नियन्त्रण प्रणाली" अन्तर्गत उत्पादित स्वघोषित उत्पादन सम्झनु पर्छ ।

(च) **"रासायनिक विषादी प्रयोग नगरिएको उत्पादन"** अर्थात Product without Use of Chemical Pesticide "PWUCP" भन्नाले रासायनिक विषादी प्रयोग नगरी सुरक्षित उत्पादन गर्दै कम्तीमा आगामी ६ वर्ष भित्र प्राङ्गारिक उत्पादन गर्ने प्रतिवद्धता जाहेर गरेको प्राङ्गारिक खेतीतर्फ उन्मुख उत्पादकबाट उत्पादित स्वघोषित उत्पादन सम्झनु पर्छ ।

(छ) **"सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली"** वा "Participatory Guarantee System" वा "PGS" भन्नाले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागीतामा स्थानीय परिवेश अनुसार सञ्चालन हुने प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण प्रणाली सम्झनु पर्छ ।

(ज) **"आन्तरिक नियन्त्रण प्रणाली"** वा "Internal Control System" वा "ICS" भन्नाले उत्पादकहरूलाई संगठित गराई प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरणमा पहुँच बढाउन तथा प्रमाणीकरणको खर्च घटाउन उत्पादकहरु बाटै गरिने सामुहिक प्रमाणीकरणको प्रकृया सम्झनु पर्छ ।

(झ) **"परम्परागत कृषि उत्पादन"** अर्थात "Traditional Agriculture Product" "TAP" भन्नाले रासायनिक पदार्थ अनुपस्थित क्षेत्रवाट उत्पादन भएको रैथाने तथा स्थानीय जातका वालीहरुको स्वघोषित उत्पादनलाई सम्झनु पर्छ ।

(ञ) **"कार्यक्रम"** भन्नाले ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सम्बन्धित स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ट) **"कृषि पर्यटन"** भन्नाले दिगोकृषि प्रणाली, वन जंगलको सौन्दर्यता, ग्रामिण जीवन, कला, संस्कृति, सम्पदाहरु र पर्यटनको एकीकृत प्रवर्धन मार्फत स्थानीय समुदायलाई आर्थिक एवम् सामाजिक रुपमा लाभ प्रदान गर्ने कार्यक्रमलाई सम्झनु पर्छ ।

(ठ) **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र, नुवाकोटलाई सम्झनु पर्छ।

(ड) **"कृषि उपज"** भन्नाले कृषि, मत्स्य, मौरी, पशुपन्छी, सुगन्धित र जडिबुटी लगायतका बाली र वस्तुलाई सम्झनु पर्छ ।

(ढ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ण) **"मन्त्रालय"** भन्नाले प्रदेश अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

मन्त्री

(त) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(थ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ को बमोजिम गठित समिति सम्झनु पर्छ।

(द) **"साझेदारी संस्था"** भन्नाले ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम अनुरुप सहभागी हुन इच्छुक कृषि सहकारी, कृषक समूह, कृषि उद्यमी, कृषि उद्योग तथा व्यवसायीक कृषि फार्म सम्झनु पर्छ ।

(ध) **"स्थानीय तह"** भन्नाले ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग कोरिडोरमा पर्ने नुवाकोटका गाउँपालिकाहरु सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u> : यस कार्यविधिको उद्देश्य देहाय वमोजिम रहेका छन् :-

(क) व्यवसायीक रुपमा कृषि उत्पादन भइरहेका क्षेत्रमा रासायनिक मल तथा विषादीको प्रयोग क्रमशः न्यूनीकरण गर्दै प्राङ्गारिक खेतीतर्फ उन्मुख गराउने,

(ख) व्यवसायीक प्राङ्गारिक तथा रैथाने वालीहरुको उत्पादन र बजारीकरण बीचको दूरीलाई कम गर्दै विशेष प्राङ्गारिक मूल्य श्रृङ्खलाको विकास गर्ने,

(ग) प्राङ्गारिक उत्पादनका लागि आवश्यक पर्ने गुणस्तरीय प्राङ्गारिक मल, वीउ, जैविक विषादी, सुरक्षित उत्पादन संरचना आदीको व्यवस्था गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहयोग गर्ने,

(घ) वैदेशिक रोजगारीको विकल्पको रुपमा कृषि पर्यटन, दिगो एवम् प्राङ्गारिक कृषि प्रणालीको प्रवर्धन गर्ने ।

## परिच्छेद- २

## <u>संस्थागत व्यवस्था</u>

४. <u>मूल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारीस गर्न केन्द्रमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख वा निजले तोकेको अधिकृत, केन्द्र | - संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, केन्द्र | - सदस्य |
| (ग) प्रमुख, आर्थिक प्रशासन शाखा, केन्द्र | - सदस्य |
| (घ) प्रमुख, खरिद ईकाइ, केन्द्र | - सदस्य-सचिव |

(२) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार बढिमा दुई (२) जना सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकताको आधारमा मूल्याङ्कन मापदण्ड तयार गरी स्वीकृतिका लागी केन्द्रमा पेश गर्ने ।

Anup Adhikari

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिको लागी केन्द्रमा पेश गर्ने ।

## परिच्छेद- ३
## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **कार्यक्रम लागू हुने स्थानहरुः** यो कार्यविधि आ.व. २०७६/०७७ मा प्रस्तावित ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग कोरिडोरमा पर्ने नुवाकोटका गाउँपालिकाहरुमा लागू हुनेछ ।

६. **प्रस्ताव आव्हानः** केन्द्रले ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न इच्छुक साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न अनुसूची - १ अनुसार ३० दिनको म्याद दिई स्थानीय पत्रिका/राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधिमा इच्छुक साझेदार संस्थाले अनुसूची- २ अनुसारको आवेदन र सो अनुसूचीमा माग गरिएको कागजातहरु, अनुसूची- ३ बमोजिमको प्रस्तावको ढाँचा र अनुसूची -४ अनुसारको प्रतिवद्धता पत्र सम्बन्धित केन्द्रमा दर्ता गर्नु पर्नेछ ।माग अनुसार प्रस्ताव नपरेमा केन्द्रले पुनः ७(सात) दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ ।

७. **प्रस्ताव दर्ता एवम् संकलनः** साझेदार संस्थाले अनुसूची -२ अनुसारको आवेदनको साथ माग गरेका कागजातहरु, अनुसूची -३ बमोजिमको प्रस्ताव केन्द्रमा तोकिएको अवधिभित्रै दर्ता गरी सक्नु पर्नेछ।

८. **प्रस्ताव छनौटको जानकारीः** स्वीकृत भएका प्रस्तावको जानकारी सम्बन्धित साझेदार संस्थालाई निर्णय भएको मितिले ७ दिन भित्र गराउनु पर्नेछ ।

९. **सम्झौताः** (१) केन्द्रले साझेदार संस्थाहरुलाई सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधी दिई जानकारी गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने साझेदार संस्थासँग केन्द्रले अनुसूची- ५ बमोजिम सम्झौता गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयावधी भित्र सम्झौता गर्न नआउने साझेदार संस्थाको स्वतः छनौट रद्द भएको मानी दोस्रो प्राथमिकता प्राप्त साझेदार संस्थालाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मन्त्री

१०. <u>सञ्चालन गर्न सकिने क्रियाकलापहरु:</u>

**(क) सचेतना अभिवृद्धि (Awareness Creation):**

- महिला स्वास्थ्य स्वयंसेवक, स्थानीय तहका जनप्रतिनिधिहरु, कृषि प्राविधिकहरु, अगुवा कृषकहरु तथा आइ. पि. एम. सहजकर्ताहरुलाई खाद्य तथा पोषण सुरक्षामा रैथाने बाली तथा प्राङ्गारिक खेतिको महत्व सम्बन्धी तालिम,
- स्थानीय स्तरका विद्युतीय तथा छापा सञ्चार माध्यम मार्फत प्रचार प्रसार गर्ने (एफ. एम. बाट जानकारी मूलक सन्देश, भिडियो वृतचित्र निर्माण तथा प्रशारण, होर्डिङ्ग बोर्ड, पर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन, मेला महोत्सवमा प्रदर्शन, आदि),
- कार्यक्रमबारे छलफल गर्न सरोकारवाला निकायहरु बीच अभिमूखीकरण गोष्ठी ।

**(ख) उत्पादन सामाग्री आपूर्ती तथा प्रविधि (Input supply and Technology) :**

- रैथाने बाली उन्नत खेती तथा प्राङ्गारिक खेति प्रविधि बारे तालिम,
- ५० प्रतिशत अनुदानमा रैथाने बाली, तरकारी, फलफूल, मसला बाली, तथा अन्य बाली हरुको प्राङ्गारिक उत्पादनको लागि स्थानीय तथा उन्नत जातका बीउ वितरण,
- प्रदर्शन क्रियाकलाप सञ्चालन,
- ५० प्रतिशत अनुदानमा थ्रेसिङ मेसिन, मिनीटिलर, पिठो/मसला पिस्ने मेशिन उपलब्ध गराउने,
- प्रविधि अनुसरणका लागि Cross learning Visit/Travelling Seminar सञ्चालन गर्ने ।

**(ग) उत्पादन विविधकरण (Product Diversification) :**

- होटल व्यवसायी, होमस्टे संचालक, उद्यमी, कृषक समूह तथा सहकारीका सदस्यहरुलाई उत्पादन विविधिकरण सम्बन्धी तालिम,
- तालिम लिने सहभागीलाई सम्झौता गरी औजार उपकरण तथा वस्तुगत सहयोग– ५० प्रतिशत अनुदान,
- रैथाने तथा प्राङ्गारिक उत्पादन गरिने अन्य बालीको प्याकेजिङ र लेवलिङ्गमा ५० प्रतिशत अनुदान सहयोग,
- उत्पादन विविधिकरणका लागि आवश्यक पर्ने ओभन लगायतका उपकरणमा ५० प्रतिशत अनुदान सहयोग ।

**(घ) बजारीकरण सहयोग (Marketing Support) :**

- रैथाने बाली/प्राङ्गारिक उत्पादन बिक्री कक्ष तथा कोशेली घर निर्माणका लागि अनुदान सहयोग (५० प्रतिशत वा ५ लाखमा जुन कम हुन्छ सोहि रकम अनुदान मार्फत प्रदान गरिने छ। यस्ता बिक्री कक्ष तथा कोशेली घरमा बिक्रिको लागि राखिने उत्पादनहरुको उत्पादकको पहिचान सहितको लेवलिङ्ग र प्याकिङ्ग भएको उत्पादन मात्र बिक्री गर्नुपर्नेछ,
- सिलिङ मेशिनमा ५० प्रतिशत अनुदान सहयोग,

- उत्पादित बालीको प्याकिङ्ग तथा लेवलिङ्गका लागि सामाग्रीको व्यवस्था,
- खाद्य मेला, प्राङ्गारिक कृषि मेला लगायतका राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय स्तरका मेला महोत्सवमा सहभागी भई रैथाने बाली/प्राङ्गारिक उत्पादनहरुको बिक्री वितरणका लागि सहयोग कार्यक्रम ।

**(ङ) परिक्षण कार्यक्रमः** यस कार्यक्रम परिक्षणको रुपमा प्राङ्गारिक खेति कृषक समूह वा सहकारी मार्फत मात्र सञ्चालन गरिनेछव। यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरु अनुसूची- ६ बमोजिमको स्पेसीफीकेसन अनुसार सञ्चालन गरिने छ।

**(च) संरक्षित संरचनामा उत्पादन कार्यक्रम** : संरक्षित संरचनामा खुल्ला जमीनको तुलनामा रोगकीराको व्यवस्थापन सजिलो हुने र उत्पादकत्व पनि बढी हुने भएकोले यस्ता संरचनामा प्राङ्गारिक तरकारी उत्पादनलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरीनेछ । तरकारी खेती गर्न बनाइएका पुराना प्लाष्टिक घरहरु सुधार तथा नयाँ प्लाष्टिक घर निर्माणमा अनुदान दिइनेछ । नयाँ प्लाष्टिक घर निर्माणमा अनिवार्य रुपमा इन्सेक्ट नेटको प्रयोग गर्नुपर्नेछ र सञ्चालन हुने क्रियाकलापहरु अनुसूची- ९ बमोजिमको स्पेसीफीकेसन अनुसार सञ्चालन गरिने छ । पुराना प्लाष्टिक घर सुधारको लागि अनुसूची -११ बमोजिमको इन्सेक्ट नेट र अन्य सामाग्रीहरुमा अनुदान उपलब्ध गराइनेछ । यसरी संरक्षित संरचनामा उत्पादित उत्पादन अनिवार्य रुपमा रसायनिक मल र रसायनिक विषादी प्रयोग नगरी उत्पादन गर्नु पर्नेछ ।

**(छ) खुल्ला जमीनमा उत्पादन कार्यक्रम** : यो कार्यक्रम खुल्ला जमीनमा प्राङ्गारिक खेतिलाई प्रवर्द्धन गर्न कृषि समूह, सहकारी, कृषि उद्यमी, कृषि फर्म मार्फत सञ्चालन गरीनेछ । यसरी खुल्ला जमीनमा उत्पादित उत्पादन अनिवार्य रुपमा रसायनिक मल र रसायनिक विषादी प्रयोग नगरी उत्पादन गर्नु पर्नेछ । यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरु अनुसूची -७ (कृषक समूह/सहकारी) र अनुसूची-८ (एकल फार्म) बमोजिमको स्पेसीफीकेसन अनुसार सञ्चालन गरिने छ । यस कार्यक्रम कृषि उद्यमी, एकल फर्म मार्फत भए कम्तिमा ५ रोपनी र समूह, सहकारी मार्फत कम्तिमा ३० रोपनीमा खेती गर्नु पर्नेछ ।

**(ज) औजार उपकरण सहयोग** : यस अन्तर्गत रैथाने बाली तथा तरकारी बाली उत्पादन, संरक्षण, काट्न, थन्क्याउने, प्रशोधन, भण्डारण, उत्पादन विविधिकरण र बजारीकरण गर्न आवश्यक औजार, यन्त्र उपकरण खरिद गरि केन्द्रले वितरण गर्न सक्ने छ। सो औजार, यन्त्र उपकरणहरु ५० प्रतिशत अनुदानमा प्रदान गरिने छ ।

**(झ) साना सिंचाई तथा प्लास्टिक पोखरी** : यस अन्तर्गत साना सिंचाई तथा प्लास्टिक पोखरी निर्माण तथा सुधार कार्यक्रम "साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१ (पहिलो संशोधन, २०७०)" र "प्लास्टिक पोखरी निर्माण कार्यविधि, २०७०" अनुसार सञ्चालन गर्न सकिने छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मन्त्री

(ञ) स्थानीय उत्पादनहरुको पोस्ट-हार्भेष्ट आयु बढाउन कोल्ड रूमहरुको स्थापनामा ५०% अनुदानमा सहयोग गर्न सकिने छ।

(ट) **विषादी व्यवस्थापन** : यस अन्तर्गत आई.पि.एम. पद्वतिबाट उत्पादन प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि तालिम, जैविक विषादी तयारी तालिम तथा सामग्री वितरण, मित्रजीव वितरण, पासो वितरण जस्ता कृषि प्रसार शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ ।

(ठ) **कम्पोष्ट तथा प्राङ्गारिक मल उत्पादन तथा वितरण** : यस अन्तर्गत कम्पोष्ट खाडल निर्माण, गड्यौले मल उत्पादन, मल बनाउन प्रयोग हुने सामग्री वितरण, भकारो सुधार जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ ।यस्ता क्रियाकलाप सञ्चालन गर्दा ५०% अनुदान उपलब्ध गराइने छ। साथै प्राङ्गारिक उत्पादन प्रोत्साहन र सहजीकरण गर्न स्वदेशमा उत्पादित प्राङ्गारिक मल ५०% अनुदानमा कृषकलाई केन्द्रले वितरण गर्न सकिने छ।

(ड) **होम स्टे तथा फार्म स्टे सञ्चालनः** यस अन्तर्गत ग्रमिणमा रहेका कृषकहरुको आय वृद्धि गरी प्राङ्गारिक कृषि प्रवर्द्धन गर्न हेर्ाेम स्टे तथा फार्म स्टे सहज रुपमा सञ्चालन गर्नको लागि ५०% वा बढीमा रु १० लाख अनुदान उपलब्ध गराउनेछ ।

(ढ) कार्यक्रम सञ्चालन भएका क्षेत्र अन्तर्गतका सम्पूर्ण कृषकहरुलाई आवश्यक प्राविधिक सहयोग गर्न, उत्पादन तथा बजारीकरण प्रक्रियाको अभिलेख राख्न एवम् सम्बन्धीत स्थानीय तहसंग समन्वय गर्न प्रत्येक स्थानीय तहमा एकजना सहजकर्ता (मान्यता प्राप्त संस्थाबाट कम्तिमा एस.एल.सी./एस.ई.ई./जे.टि.ए. उतीर्ण भएको स्थानीय व्यक्ति) करारमा राख्ने व्यवस्था गरीनेछ ।

(ण) पशुपंक्षीपालनः यस कार्यक्रम अन्तर्गत वृहत्तर रुपमा आधुनिक तरीकाबाट पशुपंक्षीपालनका लागि प्रस्ताव पेश गर्न सक्नेछ ।प्रस्ताव पेश गर्दा तपसिल अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

| **पशुपंक्षी पालन** | **संख्या** | **कैफियत** |
|---|---|---|
| गाई/भैसी | ३० | |
| बाख्रा | ८० | |
| बंगुर | ४० | |

(त) दफा १० को खण्ड (क) देखि (ण) मा राखिएका क्रियाकलापहरु मध्ये उपयुक्त क्रियाकलापहरु कार्ययोजनामा अनिवार्य रुपले राखी बजेट प्रस्ताव गर्नुपर्नेछ साथै माथि उल्लेखित क्रियाकलापहरुको अलावा कुनै सिर्जनात्मक तथा नविन क्रियाकलाप समेत प्रस्ताव गर्न सकिनेछ ।

**परिच्छेद -४**

**आर्थिक पक्ष**



Anup Adhikari

११. **कार्यक्रमको आर्थिक पक्षः** (१) प्रदर्शन, परीक्षण, भ्रमण, तालिम, गोष्ठी, प्राविधिक सेवा-टेवा, प्रकाशन, प्रविधि प्रसार, कृषि सामग्री ढुवानी सेवा, जस्ता कृषि प्रसार शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दा बिना लागत सहभागितामा सञ्चालन गरिने छ ।

(२) वार्षिक बजेटको लक्ष्य र सीमा भित्र रही कार्यक्रम सञ्चालन हुने क्षेत्रमा अधिकतम जनजातीको बस्ती, भौगोलिक विकटता, न्यून आर्थिक अवस्था भएको हुनाले कार्यक्रम सञ्चालनमा सहजताको लागि दफा ११ को उपदफा १ बाहेकका सञ्चालन हुने अन्य कार्यक्रमहरुको हकमा ५०% अनुदानमा सञ्चालन गरिने छ । कृषि यन्त्र उपकरण औजारमको हकमा ५०%, कोल्ड रुमहरुको स्थापना र होम स्टे तथा फार्म स्टे सञ्चालनमा ५०% र कोसेली घरमा ५०% अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) दफा ११ को उपदफा २ मा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन गर्दा निर्माण सम्बन्धि पूर्वाधार तथा मेशिनरी औजार खरिदमा प्रयोग हुने अनुदान रकमवाट लागत अनुमान तयार गर्दा छुट्याउने कन्टिन्जेन्सि रकम आवश्यकताका आधारमा पचास लाख रुपैया सम्मको लागत अनुमानको हकमा बढीमा २% सम्म र सो भन्दा बढीको लागत अनुमानको हकमा बढीमा १% सम्म हुनेछ । कन्टिन्जेन्सी रकम कार्यक्रम सम्बन्धित प्रत्यक्ष प्रशासनिक खर्चमा बाहेक अन्यत्र खर्च गर्न पाईने छैन र कन्टिन्जेन्सि रकम सो काम बाहेक अन्य कामका लागि छुट्याउन पाईने छैन ।

(४) साझेदार संस्थालाई बढीमा तीन किस्तामा अनुदान रकम उपलब्ध गराइने छ । कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदार संस्थाले पेश गरेको रनिङ्ग/ अन्तिम बिललाई प्राविधिक सिफारिसमा बढीमा तीन किस्तामा भुक्तानी गरिनेछ। साथै अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत कार्य सम्पन्नको फोटो भए र अनुसूची -१२ को प्रगति प्रतिवेदन तथा केन्द्रले आवश्यक ठानेका अन्य कुराहरुको विश्लेषण पश्चात मात्र भुक्तानी गरिनेछ। नेपाल सरकारको नियमानुसार अग्रिम आयकर कट्टा गरिनेछ ।

(५) साझेदार संस्थाले व्यहोर्ने पर्ने रकम अन्य कुनै संघ/संस्थाबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद-५
## अनुगमन तथा मूल्याङ्कन

१२. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय, केन्द्र र मूल्याङ्कन समितिले संयुक्त अथवा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्नेछन्।

मन्त्री

(२) यस कार्यक्रमको अनुगमन सम्बन्धित प्रदेश सभा, जिल्ला समन्वय समिति र स्थानीय तहले गर्न सक्नेछ ।

## परिच्छेद- ६
## विविध

१३. **अनुदान प्रदान गर्न नसकिने अवस्थाः** एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ८ अनुसार यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नका लागि अनुदान प्रदान गरिने छैनः-

(क) कुनै राजनैतिक दल वा धर्म वा सम्प्रदाय विशेषलाई मात्र लाभ पुग्ने,

(ख) नदिई नहुने तलब भत्ता बाहेक अतिरिक्त प्रशासनिक तथा साधारण खर्च हुने,

(ग) राष्ट्रिय एकता तथा सामाजिक सद्भाव खलबलिने,

(घ) वातावरण संरक्षणमा प्रतिकूल असर पुर्याउने,

(ङ) सोही क्रियाकलापमा दोहोरो अनुदान प्रयोग हुने ।

१४. **कारवाहीको व्यवस्थाः** (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई प्रचलित कानून अनुसार मन्त्रालय/ निर्देशनालयले कार्यक्रम सञ्चालन गर्ने केन्द्रको सिफारिसमा कारवाही गर्नेछ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता साझेदार संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ।

१५. **संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१६. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

मन्त्री

अनुसूची -१

(दफा ६ सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचना**

यस कृषि ज्ञान केन्द्र, नुवाकोट को आर्थिक वर्ष २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७६ अनुसार ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने इच्छुक ककनी गाउँपालिका, शिवपुरी गाउँपालिका तथा दुप्चेश्वोर गाउँपालिकाका कृषक समूह/सहकारी, कृषक उद्यमी, कृषि उद्योग तथा व्यावसायिक फार्मले यो सूचना प्रकाशित भएको मितिले ३० दिन सम्ममा कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित आवेदनसाथ प्रस्ताव कृषि ज्ञान केन्द्रमा दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

(१) रु. १०/- को हुलाक टिकट टाँस गरेको आवेदन,

(२) निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (समूह/सहकारी/निजि फार्म/कृषि उद्योग) को हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

(३) संस्था (समूह/सहकारी/निजि फार्म/कृषि उद्योग) को हकमा स्थायी लेखा नम्बर(PAN), करचुक्ता दर्ता / नविकरण/प्रमाणपत्रको-प्रमाणित प्रतिलिप,

(४) संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),

(५) प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायबाट अनुदान लिए/नलिएको प्रतिवद्धता-पत्र,

(६) आवेदनसँग रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार,

(७) प्रस्ताव साथ लागत अनुमान,

(८) प्रस्तावित स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही भए,

(९) आवेदकले कम्तिमा १५ घरधुरीलाई अनिवार्य समेटेर प्रस्ताव तयार गर्नु पर्नेछ (समूह/ सहकारी हकमा),

(१०) अनुसूची -३ अनुसारको कार्य कार्ययोजना,

(११) अनुसूची -४ अनुसारको प्रतिवद्धता पत्र,

(१२) स्थानीय तहको कृषि शाखा वा सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र।

**पुनश्चः** "ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम कार्यविधि,२०७६" भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को वेवसाईट molmac.p3.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

मन्त्री

अनुसूची- २

(दफा ६ सँग सम्बन्धित)

**आवेदन फाराम**

मितिः

श्रीमान् प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र, नुवाकोट ।

**विषयः ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि अनुदान सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ केन्द्रबाट सूचना भए अनुसार ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि (आवेदकको नाम तथा ठेगाना) ..........................................................................ले व्यवसायिक योजना तथा दफा १० मा उल्लेख भए बमोजिमका क्रियाकलापका लागि जम्मा रकम रु......................(अक्षरेपी रु..................................................................................) को योजना तयार गरी आवश्यक अन्य कागजातहरु सहित अनुदान सहयोगको लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछु । योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु....................(अक्षरेपी..................................................................................) बाहेकका अन्य रकम (आवेदकको नाम) ....................................................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु..........................(अक्षेरेपी .....................................................................) बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ केन्द्रबाट संचालित यस कार्यक्रममा छनोट गरिपाउँ भनि अनुरोध छ ।

**तपसिलः**

(१) रु. १०/- को हुलाक टिकट टाँस गरेको आवेदन,

(२) निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (समूह/सहकारी/निजि फार्म/कृषि उद्योग) को हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

(३) संस्था (समूह/सहकारी/निजि फार्म/कृषि उद्योग) को हकमा स्थायी लेखा नम्बर (PAN), करचुक्ता दर्ता /नविकरण/प्रमाणपत्रको-प्रमाणित प्रतिलिपी,

(४) संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),

(५) प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिवद्धता-पत्र,

(६) आवेदनसँग रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार,

(७) प्रस्ताव साथ लागत अनुमान,

(८) प्रस्तावित स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही भए,

(९) आवेदकले कम्तिमा १५ घरधुरीलाई अनिवार्य समेटेर प्रस्ताव तयार गर्नु पर्नेछ (समूह/ सहकारी हकमा),

(१०) अनुसूची -३ अनुसारको कार्य कार्ययोजना,

(११) अनुसूची -४ अनुसारको प्रतिवद्धता पत्र,

(१२) स्थानीय तहको कृषि शाखा वा सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र ।

निवेदकः
नामः
ठेगानाः
छापः

अनुसूची -३
(दफा ६ सँग सम्बन्धित)
**कार्य योजना (प्रस्ताव) का संक्षिप्त ढाँचा**

१. आवेदकको नाम र ठेगानाः

२. सञ्चालन हुने स्थानको नामः

३.सञ्चालन हुने स्थान र मुख्य बाटोको दुरी तथा बाटोको अवस्थाः

४. सञ्चालन हुने स्थानमा उपलब्ध भौतिक सुविधाहरुः
(कार्यक्रम सञ्चालन हुने स्थानमा उपलब्ध भौतिक सुविधाहरु जस्तैःसडक, खानेपानी, विद्युत, टेलिफोन लगायतका अन्य सुविधाको बारेमा उल्लेख गर्ने ।)

५. प्रस्तावित क्रियाकलापहरु तथा बजेटः

| क.सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | केन्द्रले व्यहोर्ने | साझेदार संस्थाले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |



Anup Adhikari

मन्त्री

८. क्रियाकलाप कार्यान्वयन कार्ययोजना:

| क्रियाकलापहरु | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बै | जे | अ | सा | भ | अ | का | मं | पु | मा | फा | चै |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

९. प्रस्ताव गरिएका नविन एवं प्रभावकारी क्रियाकलाप तथा तिनले पार्ने प्रभाव:

१०. अन्य थप भए उल्लेख गर्ने:

११. भावी योजना तथा कार्यदिशा:

<u>निवेदक</u>
नाम:
ठेगाना:
निवेदकको छाप:
दस्तखत:
मिति:

मन्त्री

अनुसूची –४
(दफा ६ सँग सम्बन्धित)
**प्रतिवद्धता पत्र**

............................को मिति..............................को सूचना अनुसार ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ आर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आनुदानग्राहीको तर्फबाट**
नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखतः
मितिः
छापः

| दायाँ | बाँया |
| --- | --- |
| | |

मन्त्री

अनुसूची -५
(दफा ९ सँग सम्बन्धित)
**सम्झौता-पत्र**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, कृषि विकास निर्देशनालय अन्तर्गत कृषि ज्ञान केन्द्र,............बाट सञ्चालन हुने चालु आ.व................ मा रहेको ककनी-सुर्यचौर-चिसापानी-कुटुमसाङ अर्गानिक पदमार्ग तथा प्राङ्गारिक कृषि प्रवर्द्धन सम्बन्धी कार्यक्रम मिति .......... गतेको......... स्थानीय/राष्ट्रिय दैनिकमा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये कृषि ज्ञान केन्द्रको मिति ....................को निर्णयबाट श्री..............................................................................को प्रस्ताव स्वीकृत भएको हुँदा कृषि ज्ञान केन्द्र (यस पछि प्रथम पक्ष भनिने) र श्री ............................................................ (यस पछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कृषि पयर्टन कार्यक्रम सञ्चालनका लागी द्धिपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं।

**तपशिलः**

१. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि प्रारम्भ भएको मनिनेछ ।

२. प्रथम पक्षले लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालनको लागि विनियोजित रु. .................... मध्ये .... प्रतिशत कन्टिन्जेन्सी वापतको रु. ..........कट्टा गरी दोश्रो पक्षलाई रु............ (अक्षरेपी...........................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ।

३. दोश्रो पक्षले बाँकी रकमको व्यवस्था गरी प्रदेश नम्वर तीनको ................. पालिका, ....... नम्वर वडाको ................... भन्ने स्थानमा......................सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ।

४. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव बमोजिम उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र कार्य सम्पन्न गर्नेछ।

५. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्गविल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन, स्थलगत कार्य सम्पन्नको फोटो लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था लगायतका कुरा दोश्रो पक्षले गर्नेछ।

६. दोश्रो पक्षले कृषि यन्त्र उपकरणको लागि खरिद बील, बैठकको निर्णय, फोटो प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।

७. दोश्रो पक्षलाई बढीमा तीन किस्तामा अनुदान रकम उपलब्ध गराइने छ । कार्य प्रगति र सुपरिवेक्षणको आधारमा दोश्रो पक्षले पेश गरेको रनिङ्ग/ अन्तिम बिललाई प्राविधिक सिफारिसमा बढीमा तीन किस्तामा भुक्तानी गरिनेछ ।

८. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता बमोजिम कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

मन्त्री

९. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ।

१०. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

११. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धि विवरणहरु सम्बन्धित कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१२. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

१४. सम्झौता अनुरुप काम नगर्ने दोस्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ । सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षबाट दश प्रतिशत हर्जना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

| **दोस्रो पक्षको तर्फबाट:** | **प्रथम पक्षको तर्फबाट:** |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| साझेदार संस्था: | कार्यालय: |
| साझेदार संस्थाको छाप: | कार्यालयको छाप: |

**रोहवर/साक्षी**

| | |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| साझेदार संस्था: | कार्यालय: |
| साझेदार संस्थाको छाप: | कार्यालयको छाप: |

इतिसम्वत् ............... साल ................ महिना ......... गते रोज ........ शुभम्।

मन्त्री

**अनुसूची- ६**

**(दफा १० सँग सम्बन्धित)**

परिक्षण कार्यक्रममा "प्राङ्गारिक उत्पादन" उत्पादन खर्च अनुदान (३० रोपनीको खेतिका लागी)

| क.स. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान बढीमा ५०% | साझेदार संस्थाको कम्तिमा ५०% |
|---|---|---|---|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३मि. x १ मि.को २ ओटा, ३.५ मि. x ३ मि.को छाना र १००० गड्यौला) | १५ | २०००० | ३००००० | | |
| २ | कम्पोष्ट मल, वा गहुत संकलन र भकारो सुधार गर्न | भकारोको आकार ७ फिट गुणा १५ फिट, गहुत संकलन ट्याँक १x१x०.५ घन मिटर, छान आदि | १५ | १२००० | १८०००० | | |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादन गर्ने सामाग्री | प्लास्टिक ड्रम २०० लि.को २ वटा | ३० | ३००० | ९०००० | | |
| ४ | जैविक विषादी, मित्रजिव खरिद, पालन र प्रयोग | बाली अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ | २५००० | ७५००० | | |
| ५ | नर्सीरि स्थापना वा विउ/विरुवा | पोलिव्याग, नर्सरी ट्रे, विउ विरूवा खरिद | १ | २४००० | २४००० | | |
| ६ | सिंचाइ सुविधा | थोपा, स्प्रिङ्कलर, वर्षा पानी संकलन पोखरी | १ | २८०००० | २८०००० | | |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २ मि. गुणा ३ व.मिको वोर्ड, अडयाउने टेका सहित | २ | २००० | ४००० | | |
| ८ | पहिचान लेखन कार्य | सम्पुर्ण खरिद वा निर्माण गरिएका सामाग्रीमा अनुदान प्राप्त पहिचान उल्लेख गर्नु पर्ने | १ | १५००० | १५००० | | |

मन्त्री

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | स्प्रेयर | कम्तिमा १६ लिटरको | १५ | २५०० | ३७५०० | | |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग, साधारण मेशिन, लेवल छपाइ आदी | १ | ३०००० | ३०००० | | |
| ११ | उत्पादन संकलन तथा ढुवानी | लेवलिङ्ग सहितको क्रेट, ब्यालेन्स आदि | १ | १५०००० | १५०००० | | |
| १२ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेख राखेका फाइलहरूको फोटो कपी र उत्पादनमा गरिएका क्रियाकलापको प्रतिवेदन बनाउन र पेश गर्न | १ | ५००० | ५००० | | |
| १३ | बजारीकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन बिक्री पछि प्रति केजी उत्पादन २ रूपैया वा प्रति रोपनी ३ हजार जुन कम हुन्छ उक्त रकम | ३० | ३००० | ९०००० | | |
| | | कुल जम्मा | | | १२८०५०० | | |

मन्त्री

**अनुसुची-७**
**(दफा १० संग सम्बन्धित)**

खुल्ला जमीनमा "प्राङ्गारिक उत्पादन" उत्पादन खर्च अनुदान (३० रोपनीको खेतिका लागी)

| क्र.स. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान बढीमा ५०% | साझेदार संस्थाको कम्तिमा ५०% |
|---|---|---|---|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल बनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३मि. x १ मि.को २ ओटा, ३.५ मि. x ३ मि.को छाना र १००० गड्यौला) | १५ | २०००० | ३००००० | | |
| २ | कम्पोष्ट मल, वा गहुत सकलन र भकारो सुधार गर्न | भकारोको आकार ७ फिट गुणा १५ फिट, गहुत संकलन ट्याँक १x१x०.५ घन मिटर, छान आदि | १५ | १२००० | १८०००० | | |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादन गर्ने सामाग्री | प्लास्टिक ड्रम २०० लि.को २ वटा | ३० | ३००० | ९०००० | | |
| ४ | जैविक विषादी, मित्रजिव खरिद, पालन, प्रयोग | वालि अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ | २५००० | ७५००० | | |
| ५ | नर्सीरि स्थापना वा विउ/विरुवा | पोलिव्याग, नर्सरी ट्रे, विउ विरूवा खरिद | १ | २४००० | २४००० | | |
| ६ | सिंचाइ सुविधा | थोपा, स्प्रिङ्कलर, वर्षा पानी संकलन पोखरी | १ | २८०००० | २८०००० | | |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २ मि. गुणा ३ व.मिको वोर्ड, अड्याउने टेका सहित | २ | २००० | ४००० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | पहिचान लेखन कार्य | सम्पुर्ण खरिद वा निर्माण गरिएका सामाग्रीमा अनुदान प्राप्त पहिचान उल्लेख गर्नु पर्ने | १ | १५००० | १५००० | | |
| ९ | स्प्रेयर | कम्तिमा १६ लिटरको | १५ | २५०० | ३७५०० | | |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग, साधारण मेशिन, लेवल छपाइ आदी | १ | ३०००० | ३०००० | | |
| ११ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेख राखेका फाइलहरूको फोटो कपी र उत्पादनमा गरिएका क्रियाकलापको प्रतिवेदन बनाउन र पेश गर्न | १ | ५००० | ५००० | | |
| १२ | बजारीकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन बिक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | ३० | ३००० | ९०००० | | |
| | | कुल जम्मा | | | ११३०५०० | | |

मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मन्त्री

## अनुसुची- ८
### (दफा १० संग सम्बन्धित)

खुल्ला जमीनमा "प्राङ्गारिक उत्पादन" उत्पादन खर्च अनुदान (एकल फार्मको लागि ५ रोपनीको खेतिका लागी)

| क्र.स. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान बढीमा ५०% | साझेदार संस्थाको कम्तिमा ५०% |
|---|---|---|---|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३मि. x १ मि.को २ ओटा, ३.५ मि. x ३ मि.को छाना र १००० गडयौला) | १ | २०००० | २०००० | | |
| २ | कम्पोष्ट मल, वा गहुत संकलन र भकारो सुधार गर्न | भकारोको आकार ७फिट गुणा १५ फिट, गहुत संकलन टयाँक १x१x०.५ घन मिटर, छान आदि | १ | १२००० | १२००० | | |
| ३ | घरेलु विधिवाट जैविक वा वनस्पतिक विषादी वा झोल मल उत्पादन गर्ने सामाग्री | प्लास्टिक ड्रम २०० लि.को २ वटा | २ | ३००० | ६००० | | |
| ४ | जैविक विषादी, मित्रजिव खरिद, पालन, प्रयोग | बाली अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ | ४२०० | १२६०० | | |
| ५ | नर्सरि स्थापना वा विउ/विरुवा | पोलिव्याग, नर्सरी ट्रे, विउ विरूवा खरिद | १ | ४००० | ४००० | | |
| ६ | सिंचाइ सुविधा | थोपा, स्प्रिङ्कलर, वर्षा पानी संकलन पोखरी | १ | ४७००० | ४७००० | | |
| ७ | होर्डिङ्ग बोर्ड | कम्तिमा २ मि. गुणा ३ व.मिको बोर्ड, अडयाउने टेका सहित | १ | २००० | २००० | | |
| ८ | पहिचान लेखन कार्य | सम्पुर्ण खरिद वा निर्माण गरिएका सामाग्रीमा अनुदान प्राप्त पहिचान उल्लेख गर्नु पर्ने | १ | १००० | १००० | | |

मन्त्री

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | स्प्रेयर | कम्तिमा १६ लिटरको | १ | २५०० | २५०० | | |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग, साधारण मेशिन, लेवल छपाइ आदी | १ | ५००० | ५००० | | |
| ११ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेख राखेका फाइलहरूको फोटो कपी र उत्पादनमा गरिएका क्रियाकलापको प्रतिवेदन वनाउन र पेश गर्न | १ | ५००० | ५००० | | |
| १२ | बजारीकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन बिक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | ५ | ३००० | १५००० | | |
| | | कुल जम्मा | | | १३२१०० | | |

Anup Adhikari

मन्त्री

## अनुसुची- ९
### (दफा १० संग सम्बन्धित)

"प्राङ्गारिक उत्पादन" उत्पादक खर्च अनुदान (१००० वर्ग मिटर टनेलमा खेतिको लागी)

| क्र.स | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान बढीमा ५०% | साझेदार संस्थाको कम्तिमा ५०% |
|---|---|---|---|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्ला जमिनमा "प्राङ्गारिक उत्पादन" उत्पादक खर्च अनुदान (एकल फार्म) को वुदाँ १ देखि ११ सम्म | १ | ११७१०० | ११७१०० | | |
| २ | बासको प्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक घर | स्पेसिफिकेशन तल अनुसूची- ९ मा दिइएको छ | १ | ६४७०५० | ६४७०५० | | |
| ३ | बजारीकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन बिक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | २ | ३००० | ६००० | | |
| | कुल जम्मा | | | | ७७०१५० | | |

Anup Adhikari

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मन्त्री

## अनुसूची-१०
### (दफा १० संग सम्बन्धित)
### बाँसको प्लाष्टिक घर वा जी.आई. पाईपको प्लाष्टिक निर्माणको स्पेसिफिकेशन

| क्र.स | विवरण | स्पेसिफिकेशन |
|---|---|---|
| १ | प्लाष्टिक, इन्सेक्ट नेट र मल्चिङ प्लाष्टिक | • ९० GSM वा सो भन्दा बढीको सिल्पोलिन वा २०० माइक्रोनको UV प्लास्टिक |
| | | • इन्सेक्ट नेट अनिवार्य लगाउनु पर्ने |
| | | • मल्चिङ प्लास्टिक अनिवार्य लगाउनु पर्ने |
| २ | बाँस | • खामाका लागि प्रयोग हुने बास नफोडिएको र बाङगो टिङ्गो नभइ सोझो हुनु पर्नेछ |
| | | • धुरी र छेउ खामो माथि राखिने बास सिङ्गै वा फोडिएको हुन सक्नेछ |
| ३ | उचाइ तथा चौडाइ | • धुरी खामोको उचाइ ४ मिटर जसमध्ये ६० से.मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | • छेउको खामोको उचाइ ३ मिटर जसमध्ये ६० से.मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | • चौडाइ आवश्यकता अनुसार वा जमिनको उपलब्धता अनुसार हुनु पर्ने तर ७ देखी १० मिटर भन्दा बढि हुनु नहुने |

Anup Adhikari

मन्त्री

## अनुसुची-११

### (दफा १० संग सम्बन्धित)

"प्राङ्गारिक उत्पादन" उत्पादक खर्च अनुदान (१००० वर्ग मिटर टनेलमा सुधार गरि खेतिको लागी)

| क.स. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान बढीमा ५०% | साझेदार संस्थाको कम्तिमा ५०% |
|---|---|---|---|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्ला जमिनमा "प्राङ्गारिक उत्पादन" उत्पादक खर्च (एकल फार्म) अनुदानको बुदाँ १ देखि ११ सम्म | १ | ११७१०० | ११७१०० | | |
| २ | Insect net लगाउने | टनेललाइ ढाक्ने गरि ४० Mesh को UV Protected Insect Net | १ | २००००० | २००००० | | |
| ३ | बजारीकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन बिक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | २ | ३००० | ६००० | | |
| | कुल जम्मा | | | | ३२३१०० | | |

प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मन्त्री

अनुसूची -१२
(दफा ११ सँग सम्बन्धित)
**प्रगति प्रतिवेदनको ढाँचा**

कार्यक्रमको नामः
कार्यक्रम सञ्चालन गर्ने निकायको नामः
कार्यक्रम सञ्चालन अवधिः

| क.स. | कार्यक्रम को नाम | अनुदान रकम | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/चौमासिक/अर्धवार्षिक/वार्षिक/अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |
| | | | | | | | | | |

**कार्यक्रम प्रमुख**
दस्तखतः
नामः
पदः



Anup Adhikari